सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम मिति २०७५/११/१३ मा इटहरी उप महानगरपालिकाको सभाहल, सुनसरी मा **सुनसरी जिल्लास्थित साझेदार निकायहरूका** लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा **अन्तरक्रियात्मक गोष्ठी तथा कार्यशाला** सम्पन्न गरिएको थियो। सुनसरी जिल्ला स्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना, जिल्ला प्रशासन कार्यालय, राजस्व अनुसन्धान कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, आन्तरिक राजस्व कार्यालय, डिभिजन वन कार्यालयका कर्मचारीको साथै इटहरी उप-महानगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको सहभागिता रहेको उक्त कार्यक्रम इटहरी उप-महानगरपालिकाका प्रमुख श्री द्वारिकालाल चौधरीको अध्यक्षता र सुनसरी  जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रकाश उप्रेतीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा विभाग निर्देशक श्री तेजप्रकाश प्रसाईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने अन्तर्क्रियाको क्रममा उठेका जिज्ञासा तथा प्रश्नहरुको समाधान निजका साथै विभागबाट कार्यक्रम सञ्चालनका निमित्त खटिनुभएका अधिकृतहरुबाट थियो ।




REPORTING ENTITIES (FINANCIAL & NON-FIN.)
FINANCIAL INFORMATION UNIT (FIU)
LEA-1
LEA-2
LEA-4
SUPREME COURT
D/S COURT

